प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२

# मतदाता शिक्षा विशेष कार्यक्रम

**<u>परिचय</u>** :

सवत् २०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष तथा विश्वसनीय वातावरणमा सम्पन्न गर्नु निर्वाचन आयोगको प्रमुख दायित्व हो। निर्वाचन सफल बनाउन मतदाताको सचेत सहभागिता अनिवार्य हुने भएकाले आम-नागरिकलाई निर्वाचन प्रक्रिया, मताधिकारको महत्व तथा मतदान विधिबारे समयमै जानकारी दिनु अत्यन्त आवश्यक देखिन्छ। नेपालको संविधान, निर्वाचनसम्बन्धी प्रचलित कानून, मतदाता शिक्षा नीति, निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८ को दफा १७ बमोजिम निर्वाचन आयोगले मतदाता शिक्षा तथा निर्वाचन प्रचार प्रसार गर्ने उद्देश्यले यो **मतदाता शिक्षा विशेष कार्यक्रम** तयार गरेको छ ।

यस कार्यक्रमको मुख्य उद्देश्य आम मतदातालाई सही, तथ्यपरक र उपयोगी जानकारी प्रदान गरी जिम्मेवार र सचेत मतदान संस्कृतिको विकास गर्नु हो। यससँगै मतदानको कार्यमा आम मतदाताको सहभागिता अभिवृद्धि र बदर मतको संख्या न्यूनीकरण गर्नु पनि यस कार्यक्रमको उद्देश्य रहेको छ। मतदाता शिक्षाका लागि आम सञ्चार माध्यम, सामाजिक सञ्जाल र स्वयम् सेवक परिचालन गरिने छ । देशभरका नगरपालिका तथा गाउँपालिकाका जम्मा ६७४३ वडामा फागुन ३ गतेदेखि १७ गतेसम्म मतदाता शिक्षा स्वयंसेवक (Voter Education Volunteer) परिचालन गरिनेछ। यो सँगै आम संचार माध्यम तथा आम पहुँचका कार्यक्रमबाट पनि मतदाता शिक्षा र निर्वाचन प्रचार प्रसारलाई व्यापक र प्रभावकारी बनाइने छ। यस कार्यक्रमबाट मतदाताले मतदान प्रक्रिया, मतपत्रको प्रयोग, गोप्य मतदानको महत्व, निर्वाचन आचारसंहिता तथा गलत एवम् भ्रामक सूचनाबाट बच्ने उपायबारे जानकारी प्राप्त गर्नेछन्। स्थानीय तहको सहभागिता र समुदायको प्रत्यक्ष संलग्नता मार्फत सञ्चालन हुने यो कार्यक्रमले समावेशी सिद्धान्त बमोजिम प्रभावकारी मतदाता शिक्षा प्रवर्द्धन हुनेछ । मतदाता शिक्षालाई सुदृढ बनाई प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ लाई सफल बनाउने उद्देश्यले यो मतदाता शिक्षा विशेष कार्यक्रम निर्वाचन आयोगबाट स्वीकृत गरी लागू गरिएको छ ।

मतदाता शिक्षालाई प्रभावकारी बनाउन मुख्यरुपमा देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१. घरदैलो तथा विद्यालयस्तर मतदाता शिक्षा कार्यक्रमका लागि स्वयम् सेवक परिचालन

२. आम संचार एवम् सामाजिक सञ्जालबाट सञ्चालन गरिने मतदाता शिक्षा कार्यक्रम (निर्वाचन आयोगबाट संचालन गरिने)

## खण्ड - एक
## मतदाता शिक्षा स्वयम् सेवक परिचालन

१. **घरदैलो तथा विद्यालयस्तर कार्यक्रम :** यो कार्यक्रममा नियुक्त भएका स्वयम् सेवकहरु कार्यक्रम संचालन गर्न आफ्नो वडा भित्रका विद्यालय र घर धुरीसम्म पुग्नु पर्नेछ। आम मतदाता लगायत राज्यको मुल प्रवाहबाट पछि परेका वर्ग, लिङ्ग, समुदाय र क्षेत्रका मतदाताहरुको निर्वाचन सम्वन्धी सचेतना अभिवृद्धिका लागि स्थानीय स्वयमसेवकहरुले बुझ्ने भाषामा मतदाता शिक्षा प्रदान गर्नुपर्नेछ । यो कार्यक्रम संचालनका लागि आयोगले देहाय बमोजिम स्वयम् सेवक परिचालन गर्नेछ ।

(क) **स्वयंसेवकको नियुक्ति** : मतदाता शिक्षा सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम संचालन गर्न स्थानीय तहका सबै वडामा एकएक जनाका दरले देहाय बमोजिमको योग्यता र अनुभव भएका व्यक्तिहरु मध्येबाट आयोगको लैगिंक तथा समावेशीकरण नीति अनुसार निर्वाचन कार्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा मतदाता शिक्षा स्वयंसेवक नियुक्त गर्नेछ ।

- कम्तिमा एसईई वा सो सरह उत्तिर्ण गरेको वाल विकास सहजकर्ता वा मातृ स्वास्थ्य कार्यकर्ता वा स्थानीय स्वास्थ्य स्वयंसेविका वा सामुदायिक अध्ययन केन्द्रका परिचालक ।
- उल्लेखित स्वयंसेवक नियुक्ति गर्दा विगतमा मतदाता शिक्षा कार्यकर्ता वा निर्वाचन शिक्षा स्वयंसेवकको रुपमा कुनै पनि निर्वाचनमा अनुभव हासिल गरेको व्यक्तिलाई प्राथमिकता दिइने छ ।

(ख) **स्वयंसेवकका आचरण** : मतदाता शिक्षा स्वयंसेवकका लागि देहाय बमोजिमका आचरण पालना गर्नुपर्नेछ ।

१. आफूलाई तोकिएको वडाको लागि नियुक्ति पत्र बुझी निर्वाचन कार्यालयले संचालन गर्ने अभिमूखीकरण तालिममा सहभागी हुने,
२. कुनै पनि राजनीतिक दलको पक्ष वा विपक्षमा कुनै प्रकारको प्रचार प्रसार नगर्ने,
३. जुनसुकै धर्म, वर्ण, जात, जाति, लिङ्ग, वर्ग वा समुदायको भए पनि सम्पूर्ण मतदातासँग निष्पक्ष व्यवहार गर्ने,
४. निर्वाचन प्रचार सम्बन्धी पर्चा, ब्रोसर तथा नमूना मतपत्रको माध्यमबाट मतदातालाई मतदान प्रक्रिया सम्बन्धी सही सूचना दिने,
५. कुनै राजनीतिक दल वा उम्मेदवारका विषयमा गलत, भ्रामक वा द्वेषपूर्ण अभिव्यक्ति नदिने,
६. कुनै दल विशेषसँग सम्बन्धित व्यक्ति वा उम्मेदवारसँग अवाञ्छित भेटघाट वा सम्पर्क नगर्ने,
७. निर्वाचनमा भाग लिएका कुनै उम्मेदवार वा राजनीतिक दलबाट कुनै दान वा उपहार स्वीकार गर्न नहुने,
८. नेपालको संविधान, निर्वाचन सम्बन्धी कानून तथा पदीय आचरणको पूर्ण पालना गर्ने,
९. स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गर्ने निर्वाचन आयोगको संवैधानिक दायित्व र प्रतिवद्धता अनुरुप कार्यक्रम संचालन अवधिमा निर्वाचन आयोग र निर्वाचन कार्यालय प्रति पूर्ण जवाफदेही रहने,

१०. आयोग तथा निर्वाचन कार्यालयले तोके बमोजिमका अन्य आचरणको पालना गर्ने ।

**(ग)** **स्वयंसेवकको पारिश्रमिक** : निर्वाचन कार्यालयले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको प्रतिवेदन प्राप्त भएपछि स्वयंसेवकलाई एकमुष्ठ पारिश्रमिक रु. १०,०००। नियमानुसार उपलब्ध गराउने छ ।

**(घ)** **स्वयंवसेवकका कार्यहरु :** मतदाता शिक्षा स्वयंसेवकले आफूलाई तोकिएको वडा क्षेत्रभित्र देहाय बमोजिम कार्यक्रम संचालन गर्नुपर्ने छ ।

१. आफूलाई तोकिएको वडा क्षेत्रभित्रका प्रत्येक विद्यालय तथा प्रत्येक वस्तीमा भ्रमण गरी घरदैलो कार्यक्रम सञ्चालन गर्ने ।
२. विद्यालयमा वालवालिकाहरुदलाई मतदानको महत्व र मतदान गर्ने सही तरिका आफ्ना अभिवाभकहरुलाई सिकाउन विद्यालयका प्रधानाध्यापकको अनुमती लिई संक्षिप्त नागरिक शिक्षा सञ्चालन गर्ने ।
३. नमूना मतपत्र देखाएर घरमा उपलब्ध भएका मतदातालाई मतदान गर्ने सहि तरिकाको जानकारी गराउने ।
४. आयोगले प्रयोगमा ल्याएका सामाजिक संजाल बारे मतदातालाई जानकारी र आवद्धता गराई यसको प्रयोग गर्न सिकाउने,
५. निर्वाचन आचार संहितामा भएका मतदाताले पालना गर्नुपर्ने मुख्य मुख्य व्यवस्थाहरु बारे मतदातालाई जानकारी गराउने,
६. सामाजिक संजालको प्रयोग गर्दा निर्वाचन सम्बन्धी विषयमा फैलिने सक्ने गलत वा भ्रामक सूचना, दुष्प्रचार द्वेषपूर्ण अभिव्यक्ति बारे जानकारी गराउने,
७. निर्वाचन र मतदान प्रक्रिया सम्बन्धमा मतदाताका प्रश्न, जिज्ञासा र गुनासाहरुको सही र स्पष्ट जवाफ दिने ।
८. आफ्नो वडा क्षेत्रभित्र भएका सबै घरधुरीमा भ्रमण गर्ने र मतदाता शिक्षाको पहुँच कम भएका लक्षित मतदाताहरुको बसोबास पहिचान गरी यस्ता क्षेत्रका घरधुरीमा प्राथमिकता दिएर भ्रमण गर्ने ।
९. आफूले संचालन गर्ने कार्यको दैनिक कार्यतालिका बनाई सो बमोजिम भ्रमण गर्ने क्षेत्रको सामाजिक संजाल वा अन्य कुनै माध्यमबाट पूर्व जानकारी दिएर भ्रमण गर्ने,
१०. आफूले संचालन गरेका कार्यक्रमको दैनिक फोटो तथा छोटो भिडियोहरु बनाई अनुगमनकर्ता र समन्वयकर्तालाई पठाउने,
११. मतदाताले राखेको प्रश्नमा कुनै द्विविधा वा अलमल भएमा अनुगमनकर्ता वा समन्वयकर्ता वा आयोगको कल सेन्टर ११०२ वा सूचना अधिकारीसँग सम्पर्क गरी सही समाधान सहितको जवाफ दिने ।
१२. मतदाता शिक्षा स्वयम्सेवकले प्रत्येक दिनको कार्य सहितको विवरण भएको प्रतिवेदन अनुसूचि- ४ बमोजिमको ढाँचामा अनुगमनकर्ता मार्फत् निर्वाचन कार्यालयमा उपलब्ध गराउने ।

**(ङ)** **जनशक्ति एवम् संरचनागत व्यवस्था :** मतदाता शिक्षा स्वयंसेवक परिचालनका लागि देहाय बमोजिमको जनशक्ति र संरचनागत व्यवस्था हुनेछ।

१. **अनुगमनकर्ता** : निर्वाचन आयोगले निर्वाचन तथा मतदाता शिक्षाका लागि स्थानीय तहमा तोकिएका निर्वाचन सम्पर्क व्यक्तिलाई यस कार्यक्रमको अवधिभरका लागि अनुसूची-२ बमोजिमको ढाँचामा निर्वाचन कार्यालयले अनुगमनकर्ता तोक्नु पर्नेछ । कुनै स्थानीय तहमा पहिले तोकिएका निर्वाचन सम्पर्क व्यक्ति नभएको अवस्थामा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको सिफारिशमा निर्वाचन कार्यालयले अन्य कर्मचारीलाई तोक्नु पर्नेछ ।

२. **अनुगमनकर्ताको पारिश्रमिक** : अनुगमनकर्तालाई अनुगमन प्रतिवेदन प्राप्त भएपछि एकमुष्ठ पारिश्रमिक रु. ५,०००। नियमानुसार निर्वाचन कार्यालयले उपलब्ध गराउने छ ।

३. **अनुगमनकर्ताको कार्यहरु** : अनुगमनकर्ताले मतदाता शिक्षा कार्यक्रमको अवधिमा मुख्य गरेर निम्न बमोजिमका कार्यहरु गर्नुपर्ने छ ।

क. निर्वाचन कार्यालयले संचालन गर्ने मतदाता शिक्षा सम्बन्धी तालिम कार्यक्रममा सहभागी हुने,

ख. महानगरपालिका र उपमहानगरपालिकाका वडाहरुमा निर्वाचन कार्यालयको समन्वय र सहयोगमा एक दिवसीय मतदाता शिक्षा सम्बन्धी अन्तक्रियात्मक छलफल कार्यक्रम संचालन गर्ने,

ख. आफ्नो पालिकाभित्रका वडाहरुमा खटिने सक्ने स्वयंसेवकहरुको विवरण निर्वाचन कार्यालयलाई उपलब्ध गराउने,

ग. आफ्नो पालिकाका वडाहरुमा तोकिएका स्वयंसेवकहरुलाई कार्यक्रम संचालन गर्न आवश्यक सहजीकरण गर्ने,

घ. स्वयंसेवकहरुले दैनिक संचालन गर्ने कार्यक्रमहरुको अनुगमन गरी समन्वयकर्तालाई प्रतिवेदन गर्ने,

ङ. स्वयंसेवकहरुले पठाएका कार्यक्रम सम्बन्धी फोटो भिडियोलाई समन्वयकर्ता समक्ष पठाउने,

च. समन्वयकर्ता र निर्वाचन कार्यालयले कार्यक्रमसँग सम्बन्धित विषयमा तोकेको अन्य कार्यहरु गर्ने ।

छ. अनुगमनकर्ताले आफूले गरेको सम्पूर्ण कार्यहरुको विवरण सहितको प्रतिवेदन अनुसूची-५ बमोजिमको ढाँचामा निर्वाचन कार्यालयमा उपलब्ध गराउने ।

**४. समन्वयकर्ता :** जिल्लाभर मतदाता शिक्षा कार्यक्रमको समन्वय गर्नका लागि निर्वाचन अधिकारीले आफ्नो कार्यालयको एक जना राजपत्र अनंकित प्रथमस्तरको कर्मचारीलाई अनुसूची-३ बमोजिमको ढाँचामा समन्वयकर्ता तोक्नुपर्ने छ ।

**५. समन्वयकर्ताका कार्यहरुः** समन्वयकर्ताले देहाय बमोजिमका कार्यहरु गर्नेपर्ने छ ।

क. अनुगमनकर्ताको समन्वयमा मतदाता शिक्षा स्वयंसेवकहरुसँग नियमित समन्वय र सम्पर्क गर्ने,

ख. आयोगबाट पठाइएका मतदाता शिक्षा सामग्रीहरु प्राप्त गरी अनुगमनकर्ता मार्फत सम्बन्धित मतदाता शिक्षा स्वयंसेवकहरुलाई वितरण गर्ने,

ग. समुदाय स्तरका कार्यक्रम तथा घरदैलो कार्यक्रमको अनुगमनकर्ता मार्फत् समन्वय र सहजीकरण गर्ने,

घ. मतदाता शिक्षा स्वयंसेवकहरुले गरेका कार्यहरुका सम्बन्धमा अनुगमनकर्ता मार्फत् स्वयंसेवकहरुले पठाएका फोटो तथा भिडियोहरुको मूल्याकंन गरी उपयुक्त फोटो भिडियो निर्वाचन कार्यालयका सामाजिक संजालहरुमा पोष्ट गर्ने तथा आयोगमा पठाउने,

ङ. मतदाता शिक्षा कार्यक्रमका लागि आयोग, निर्वाचन कार्यालय, स्थानीय तह, अनुगमनकर्ता र स्वयंसेवक वीच आवश्यक समन्वय स्थापना गर्ने,

च. मतदाता शिक्षा कार्यक्रमका लागि आयोगको सम्पर्क विन्दुको रुपमा काम गर्ने ।

निर्वाचन आयोग, नेपाल

६. **कार्यान्वयन तथा अनुगमन समिति** : मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन र अनुगमनका लागि निर्वाचन कार्यालयमा देहाय बमोजिमको समिति रहने छ ।

(क) निर्वाचन अधिकारी — संयोजक

(ख) निर्वाचन कार्यालय क्षेत्रभित्र रहेको पालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको प्रतिनिधि — सदस्य

(ग) निर्वाचन कार्यालय क्षेत्रभित्र रहेको पालिकाको निर्वाचन सम्पर्क व्यक्ति — सदस्य

(घ) निर्वाचन कार्यालयको राजपत्रअनंकित प्रथमस्तरको कर्मचारी (समन्वयकर्ता) — सदस्य सचिव

(समितिले कार्यक्रम अवधिभर बढीमा दुई वटा वैठक गर्न सक्नेछ ।

७. **कार्यान्वयन तथा अनुगमन समितिका कार्यहरु** : समितिका कार्यहरु देहाय बमोजिम हुनेछ ।

(क) मतदाता शिक्षा स्वयंसेवकको पहिचान, नियुक्ति र परिचालन गर्ने,
(ख) स्वयंसेवकहरुका लागि तालिम कार्यक्रम संचालन गर्ने,
(ग) अन्तरक्रियात्मक कार्यक्रमलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, प्रभावकारी एवम् विवादरहित बनाउन मतदाता शिक्षा स्वयंसेवकहरुलाई आवश्यक निर्देशन दिने,
(घ) स्वयंसेवकहरुले मतदातालाई मतदान सम्बन्धी विषयमा सही सूचना दिए/नदिएको सम्बन्धमा जानकारी लिई स्पष्ट निर्देशन दिने,
(ङ) मतदाताहरुले राखेका जिज्ञासाहरुमा स्वयंसेवकहरुले सही तरिकाले जवाफ दिए/नदिएको सम्बन्धमा अनुगमन गरी थप निर्देशन दिने,
(च) वडा क्षेत्रभित्र क्रियाशील राजनीतिक दलका प्रतिनिधि, टोल विकास संस्था, गैर सरकारी संस्था, घरमुली मतदाता, नागरिक समाज, सामाजिक अगुवा आदिसँग संवाद, छलफल र अन्तरक्रिया गर्न मतदाता शिक्षा स्वयंसेवकहरुलाई सहजीकरण गर्ने,
(छ) कुनै मतदाता शिक्षा स्वयंसेवकले आयोगको निर्देशन अनुकूल कार्य नगरी आचरण विपरित कार्य गरेको देखिएमा त्यस्ता स्वयंसेवकको नियुक्ति बदर गरी कारवाहीका लागि सिफारिश गर्ने,
(ज) निर्वाचन आयोगबाट पठाइएका पर्चा, ब्रोसर तथा नमूना मतपत्र र अडियो भिडियो सामग्रीहरु प्राप्त गरी सम्बन्धित मतदाता शिक्षा स्वयंसेवकलाई वितरण गर्ने,
(झ) आयोगले उत्पादन गरी पठाएका प्रचार प्रसारका अडियो तथा भिडियो सामग्रीहरु जिल्लामा भएका एफएम रेडियो तथा स्थानीय टेलिभिजनहरुबाट प्रसारण गर्न आवश्यक व्यवस्था मिलाउने,
(ञ) आयोगले उपलब्ध गराएका निर्वाचनसम्बन्धी सूचना एवम् सन्देशहरु स्थानीय पत्रपत्रिकाहरुमा प्रकाशनको आवश्यक व्यवस्था गर्ने,
(ट) समुदायस्तर तथा घरदैलो कार्यक्रमलाई आम संचार माध्यम तथा निर्वाचन कार्यालयका सामाजिक सन्जालहरुबाट प्रचार प्रसार गर्न आवश्यक व्यवस्था मिलाउने,

(ठ) आयोगले संचालन गरेका सामाजिक सन्जालका विभिन्न च्यानलहरुको नियमित अवलोकन गरी यसको प्रचार प्रसार गर्ने,

(ड) मतदाता शिक्षा स्वयंसेवकहरुले दैनिक पठाएका फोटो तथा भिडियोहरुलाई मूल्याकंन गरी आयोगमा प्रसारणका लागि सिफारिश गर्ने,

(ढ) जिल्लाभित्र रहेका मतदाता शिक्षा स्वयंसेवकहरुले गरेका कार्यहरुको मूल्याकंन गरी पुरस्कारका लागि सिफारिश गर्ने,

(ण) सम्पूर्ण मतदाता शिक्षा कार्यक्रमको प्रतिवेदन तयार गरी सम्वन्धित प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालयमा अभिलेखमा राख्ने ।

(त) आयोग, निर्देशक समिति एवम् मतदाता शिक्षा समितिले तोके बमोजिमका अन्य

**२. आम सञ्चार तथा सामाजिक सञ्जालबाट सञ्चालन गरिने मतदाता शिक्षा कार्यक्रम**

पछिल्लो समयमा सामाजिक सञ्जाल तथा डिजिटल माध्यमको प्रयोग तीव्र रूपमा विस्तार भएसँगै लक्षित समूहसम्म निर्वाचनसम्बन्धी सत्य, तथ्यपरक र समयसापेक्ष सूचना प्रवाह गरी मतदाता शिक्षा प्रदान गर्ने सम्भावना उल्लेख्य रूपमा वृद्धि भएको छ। सामाजिक सञ्जालमार्फत सूचना छिटो र व्यापक रूपमा प्रवाह हुन सक्ने भएकाले यस माध्यमलाई मतदाता शिक्षा र निर्वाचनसम्बन्धी जानकारी संप्रेषणका लागि प्रभावकारी साधनका रूपमा प्रयोग गर्न सकिने अवस्था विद्यमान छ। निर्वाचनसम्बन्धी सूचना संप्रेषण तथा मतदाता शिक्षा प्रदान गर्न आम सञ्चार माध्यम तथा सामाजिक सञ्जालको योजनाबद्ध, जिम्मेवार र प्रभावकारी उपयोग गर्नु अपरिहार्य रहेको छ। यसका लागि सम्बन्धित नियामक निकायहरूसँग समन्वय गरी सञ्चार माध्यम तथा सामाजिक सञ्जालबाट प्रवाह हुने निर्वाचनसम्बन्धी सूचना, जानकारी तथा गतिविधिको नियमित अनुगमन गरिनु आवश्यक हुन्छ।

यसै सन्दर्भमा, संवत् २०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सञ्चार माध्यमसँगको सम्बन्धलाई सुदृढ र सुमधुर बनाउने, आम सञ्चार माध्यम तथा सामाजिक सञ्जालको प्रभावकारी उपयोगमार्फत निर्वाचनसम्बन्धी सूचना संप्रेषण तथा मतदाता शिक्षा सम्बन्धी कार्यलाई थप व्यवस्थित र विश्वसनीय बनाउने उद्देश्यले निर्वाचन अवधिभर निर्वाचनसम्बन्धी आधिकारिक सूचना तथा जानकारी आम सञ्चार माध्यम तथा सामाजिक सञ्जालमार्फत व्यवस्थित रूपमा प्रवाह गरिनेछ। सत्य तथ्य सूचनाको संप्रेषण, सामाजिक संजालको सहि उपयोग, मतदाता शिक्षा, निर्वाचन सचेतना तथा प्रचारका कार्यक्रममा देहाय बमोजिमका कार्यहरु सञ्चालन गरिनेछ ।

(क) आयोगले प्रवाह गर्ने निर्वाचनसम्बन्धी सूचना तथा जानकारी लक्षित वर्गसम्म उपयुक्त समयमा सहज रुपमा पुर्याउने ।

(ख) निर्वाचन प्रचार प्रसार तथा मतदाता शिक्षामा संचार संस्था, संचार गृह र आम सञ्चार माध्यमसंगको साझेदारी अभिवृद्धि गर्ने ।

(ग) निर्वाचन सम्बन्धी सूचना संप्रेषण र मतदाता शिक्षाका लागि सामाजिक सञ्जालको प्रभावकारी उपयोग गर्ने ।

(घ) संचार तथा सूचना प्रविधि मार्फत प्रदान गरिएका निर्वाचन शिक्षा एवं मतदाता शिक्षाका कार्यक्रमले निर्वाचनमा मतदाता सहभागिता दर र सदर मतको प्रतिशत वृद्धि हुने गरी वहुभाषामा सामग्री तयार गरी संप्रेषण गर्ने ।

२.१ **अडियो तथा भिडियो सामग्री** : निर्वाचन सम्बन्धी सन्देश आम संचार माध्यमहरुबाट प्रकाशन, प्रसारण तथा प्रदर्शन गर्नका लागि आयोगले निम्न बमोजिमका अडियो तथा भिडियो सामग्री उत्पादन गर्नेछ ।

| सि.नं. | सामग्रीको नाम | अवधि | संख्या |
|---|---|---|---|
| १. | गिती सन्देश *(अडियो/भिडियो)* | १ मिनेट | ५ (पाँच) |
| २. | संवादमूलक सन्देश *(अडियो/भिडियो)* | १ मिनेट | ५ (पाँच) |
| ३. | संवादमूलक सन्देश *(अडियो/भिडियो)* | ५ मिनेट | ३ (तीन) |
| ४. | निर्वाचन गीत *(अडियो/भिडियो)* | ५ मिनेट | २ (दुई) |
| ५. | दोहोरी गीत *(अडियो/भिडियो)* | ५ मिनेट | १ (एक) |
| ६. | मतदाता शिक्षाको तालिम भिडियो | ५ मिनेट | १ (एक) |
| ७ | कलर रिङ्ग ब्याक टोन*(अडियो)* | ३० सेकेन्ड | ५ (पाँच) |

२.२ **मतदाता शिक्षा छपाइ सामग्रीहरु** : मतदाता शिक्षा सम्बन्धी कार्यक्रमहरुमा वितरण गर्नका लागि निम्न बमोजिमका छपाइ सामग्रीहरु आवश्यकतानुसार उत्पादन गरिनेछ ।

| सि.नं. | सामग्रीको नाम |
|---|---|
| १. | निर्वाचन आचार संहिता र मतदान गर्ने सहि तरिका सम्बन्धी ब्रोसर |
| २. | विभिन्न प्रकारका पोष्टरहरु |
| ३. | नमूना मतपत्र |
| ४. | बरोबर सोधिने प्रश्न र उत्तर FAQ |
| ५. | आचार संहिता र सदरबदर मत सबन्धी फ्लेक्स |

२.३ **विभिन्न भाषामा सामग्री उत्पादन** : रेडियो नेपाल र नेपाल टेलिभिजनले हाल प्रसारण गर्ने राष्ट्रिय भाषाहरुमा मतदाता शिक्षा सम्बन्धी सन्देशहरु ती निकायहरुबाट नै उत्पादन गरी प्रसारणको व्यवस्था मिलाइने छ ।

२.४ **रेडियो तथा टेलिभिजन कार्यक्रम** : निर्वाचनका लागि आयोगले निम्न बमोजिमका रेडियो तथा टेलिभिजन कार्यक्रमहरु नेपाल टेलिभिजन र रेडियो नेपालबाट उत्पादन गरी प्रसारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(क) टेलिभिजनमा निर्वाचन कार्यक्रम ।

(ख) रेडियोबाट निर्वाचन चौतारी/कार्यक्रम ।

## खण्ड - दुई

## सामग्रीको प्रकाशन, प्रसारण तथा प्रदर्शन

३. **टेलिभिजनबाट सन्देशमूलक सामग्री प्रसारण** : निर्वाचन सम्बन्धी गिती सन्देश, संवादमूलक सन्देश, भिडियो डकुमेन्ट्री, भिडियो एनिमेशन, निर्वाचन दोहोरी आदि सामग्रीहरु राष्ट्रिय स्तरका टेलिभिजनहरुको मुख्य तथा अन्य समयमा प्रसारण गरिने छ ।

४. **स्थानीय टेलिभिजनबाट प्रसारण** : निर्वाचन कार्यालयले आयोगमा उत्पादन भएका मतदाता शिक्षा सम्बन्धी भिडियो सामग्रीहरु आयोगले उपलब्ध गराएको रकम भित्र आफ्नो जिल्लाभित्रका स्थानीय टेलिभिजनबाट प्रसारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

५. **एफ.एम रेडियोहरुबाट प्रसारण :** निर्वाचन कार्यालयले आयोगमा उत्पादन भएका मतदाता शिक्षा सम्बन्धी अडियो सामग्रीहरु आयोगले उपलब्ध गराएको रकम भित्र आफ्नो जिल्लाभित्रका एफ.एम.रेडियोहरुबाट प्रसारण गर्ने व्यवस्था गर्नुपर्नेछ । बढी क्षमतामा प्रसारण हुने एफ.एम.रेडियोहरु तथा रेडियोका संजालहरुबाट आयोगले समेत सन्देश प्रसारण गर्न सक्नेछ ।

६. **अनलाइन समाचार माध्यमबाट प्रसारण :** निर्वाचन कार्यालयले मतदाता शिक्षा सम्बन्धी सामग्रीहरु आयोगले उपलब्ध गराएको रकम भित्र रहि आफ्नो जिल्लाभित्रका अनलाइन समाचार माध्यमबाट प्रकाशन प्रसारण गर्ने व्यवस्था गर्नुपर्नेछ । आयोगले बढी प्रसारण क्षमता र दर्शक भएका केही अनलाइन संचार माध्यमहरुमा समेत प्रकाशन गर्ने व्यवस्था गर्न सक्नेछ ।

७. **सरकारी डिजिटल डिस्प्लेबाट प्रसारण :** आयोगले स्वीकृत गरेका छोटो अवधिका भिडियो सन्देश तथा एनिमेशनहरुलाई सरकारी तथा सार्वजनिक निकायहरुका डिजिटल बोर्डहरुमा प्रदर्शन गर्न सम्बन्धित निकायमा अनुरोध गर्न सक्नेछ ।

८. **लोककल्याणकारी विज्ञापन अन्तर्गत सन्देश प्रसारण :** आयोगले नेपाल सरकारको लोककल्याणकारी विज्ञापन सेवा अन्तर्गत आम संचार माध्यमबाट निर्वाचनसँग सम्बन्धित विभिन्न सन्देशहरु निःशुल्क प्रकाशन प्रसारणको व्यवस्था मिलाउने छ ।

९. **फेसबुक, युटुव लगायत सामाजिक संजालहरुबाट सन्देश प्रसारण :** निर्वाचन सम्बन्धी सन्देशहरु फेसबुक, युटुव, भाईबर, म्यासेन्जर, ट्वीटर, इन्स्टाग्राम आदि लोकप्रिय सामाजिक संजालहरुमा प्रसारण हुने व्यवस्था मिलाइने छ ।

१०. **"म निर्वाचनमा सहभागि हुन्छु" अभियान** : सम्माननीय राष्ट्रपति, प्रधानमन्त्री, लगायत राष्ट्रिय जीवनमा ख्यातीप्राप्त व्यक्तित्वहरुबाट निर्वाचनमा सहभागी हुन अभिप्रेरित गर्ने खालका बढीमा १ मिनेट अवधिका भिडियोहरु तयार गरी आयोगको सामाजिक सञ्जाल तथा टेलिभिजनहरु मार्फत प्रसारण गर्ने व्यवस्था मिलाइने छ ।

११. **मोवाइल तथा ल्याण्डलाइन फोनमा कलर रिंग व्याक टोन (सिआरविटी) र एसएमएस :** निर्वाचन सम्बन्धी विभिन्न किसिमका सन्देशहरुको कलर रिंग व्याक टोन (सिआरविटी) तयार गरी प्रसारण गर्नुपर्नेछ । यसैगरी मतदानको दिन प्रमुख निर्वाचन आयुक्तले सबै मतदातालाई मतदानका लागि आव्हान गरेको सन्देश सबै मोवाइलहरुमा एसएमएस हुने व्यवस्था गर्नुपर्नेछ ।

१२. **नमूना मतदान तथा अन्तरक्रिया :** आयोगले मतदाता शिक्षा प्रयोजनका लागि देशभरका रणनीतिक स्थानहरुमा आवश्यकता अनुसार नमूना मतदान कार्य संचालन गर्न सक्नेछ । यसैगरी आयोगले उपलब्ध गराएको रकमभित्र रही निर्वाचन कार्यालयहरुले समेत आवश्यकता अनुसार नमूना मतदान कार्य संचालन गर्न सक्नेछन् ।

## खण्ड - तीन

## सरकारी संचार माध्यमसँग सहकार्य

१३. **नेपाल टेलिभिजन :** मतदाता शिक्षा तथा निर्वाचन प्रचार प्रसारका लागि आयोगले तयार गरेका भिडियो सन्देशहरुको प्रसारण, समाचारमूलक कार्यक्रमहरुमा निर्वाचनका विषयवस्तुहरुको प्राथमिकता, नेपाल टेलिभिजनले प्रसारण गर्ने विभिन्न भाषाहरुमा निर्वाचन सम्बन्धी भिडियो सन्देशहरुको उत्पादन तथा प्रसारण, निर्वाचन सम्बन्धी विशेष कार्यक्रम

उत्पादन तथा प्रसारण लगायत निर्वाचन सम्बन्धी जागरण अभियान संचालन गर्नका लागि नेपाल टेलिभिजनसँग आयोगले छुट्टै सम्झौता गर्न सक्नेछ ।

१४. **गोरखापत्र संस्थान :** गोरखापत्र दैनिकका अंकहरुमा आयोगका निर्वाचन सम्बन्धी सन्देशहरु प्रकाशनको विशेष व्यवस्था गर्न, निर्वाचनको दिनगन्ती (काउन्टडाउन) प्रकाशन गर्न, गोरखापत्रले प्रकाशन गर्ने भाषाका पृष्ठहरुमा समेत तत्तत् भाषाहरुमा निर्वाचन सम्बन्धी सन्देशहरु प्रकाशन गर्न, गोरखापत्रका अन्य प्रकाशनहरुमा समेत निर्वाचनका सन्देशहरु प्रकाशन गर्नका लागि आयोगले गोरखापत्र संस्थानसँग छुट्टै सम्झौता गर्न सक्नेछ ।

१५. **रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)** : मतदाता शिक्षा तथा निर्वाचन प्रचार प्रसारका लागि आयोगले तयार गरेका अडियो सन्देशहरुको प्रसारण, रेडियो नेपालले प्रसारण गरेका भाषाहरुमा निर्वाचन सम्बन्धी अडियो सन्देश उत्पादन तथा प्रसारण, समाचारमूलक कार्यक्रमहरुमा निर्वाचनका विषयवस्तुहरुको प्राथमिकता, निर्वाचन सम्बन्धी विशेष कार्यक्रम उत्पादन तथा प्रसारण लगायत निर्वाचन सम्बन्धी जागरण अभियान संचालन गर्नका लागि रेडियो नेपालसँग आयोगले छुट्टै सम्झौता गर्न सक्नेछ ।

१६. **राष्ट्रिय समाचार समिति** : राष्ट्रिय समाचार समितिबाट निर्वाचनको समयमा छुट्टै निर्वाचन डेस्कको व्यवस्था गरी आयोग र अन्तर्गत कार्यालय तथा राजनीतिक दलहरुले संचालन गर्ने गतिविधिहरुलाई प्राथमिकता साथ संप्रेषण गर्न राष्ट्रिय समाचार समितिसँग आयोगले छुट्टै सम्झौता गर्न सक्नेछ ।

१७. **विज्ञापन बोर्ड** : निर्वाचनका लागि आयोगले तयार गरेका निर्वाचन सम्बन्धी सन्देशहरु नेपाल सरकारको लोककल्याणकारी विज्ञापन अन्तर्गत प्रकाशन प्रसारण गर्न, आम संचारका माध्यमहरुमा प्रकाशन प्रसारण भएका निर्वाचन सम्बन्धी सन्देशहरुको अनुगमन गर्न, अनलाइन संचार माध्यमहरुबाट निर्वाचन सम्बन्धी सन्देश प्रसारण गर्न, सेटलाइटबाट प्रसारण हुने नेशनल टिभी बाहेक नेटवर्क टिभी, केवल टिभी तथा अन्य टेलिभिजनहरुबाट सन्देश प्रसारण गर्न तथा निर्वाचन आचार संहिता पालना सम्बन्धमा आम संचार माध्यमको अनुगमन गर्न आयोगले विज्ञापन बोर्डसँग छुट्टै सम्झौता गर्न सक्नेछ ।

१८. **प्रेस काउन्सील नेपाल** : निर्वाचन आयोग जारी गरेको निर्वाचन आचार संहिता विपरीतका कार्य गर्ने संचार माध्यमहरुको अनुगमन गर्न, आयोगले गलत र भ्रामक सूचना भनि पहिचान गरी हटाउनलाई पठाएका सूचना हटाउन र निर्वाचनको अवधिभर आम संचार माध्यमको अनुगमन गरी आयोगमा प्रतिवेदन दिनका लागि आयोगले प्रेस काउन्सील नेपालसँग छुट्टै सम्झौता गर्न सक्नेछ ।

## खण्ड - चार

## विविध

१९. **शिक्षा सामग्री विकास र स्वीकृति** : आयोगले मतदाता शिक्षा सामग्रीको विकास निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८ बमोजिम गर्नेछ ।

२०. **प्रशिक्षण तथा अभिमूखीकरण** : आयोगले तोकेका सबै स्थानीय तहका निर्वाचन सम्पर्क व्यक्तिहरुलाई मतदाता शिक्षा सम्बन्धी अभिमुखीकरण दिनुपर्नेछ । निर्वाचन सम्पर्क व्यक्तिको विवरण र सम्पर्क ठेगाना अद्यावधिक गरी अनलाईन प्रणालीबाट नियमित सम्पर्क स्थापना हुनेगरी सामाजिक संजालमा समूह बनाउनु पर्नेछ ।

२१. **प्रतिवेदन गर्नुपर्ने** : प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयले यो कार्यक्रम बमोजिम मतदाता शिक्षा तथा निर्वाचन प्रचार प्रसारको कार्य सम्पन्न गरेपछि अनुसूची - ६ बमोजिमको ढाँचामा आयोगमा प्रतिवेदन गर्नुपर्नेछ ।

२२. **अन्य कुरा निर्देशिका बमोजिम हुने :** यस कार्यक्रममा उल्लेख भएका विषयहरु लेखिए बमोजिम हुने र अन्य विषयहरुका हकमा निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८ बमोजिम हुनेछ ।

निर्वाचन आयोग, नेपाल

अनुसूची-१

**निर्वाचन आयोग, नेपाल**

# प्रदेश/जिल्ला निर्वाचन कार्यालय,

## ...................जिल्ला

पत्रसंख्या :

मिति :

मिति ..................

**विषय : मतदाता शिक्षा स्वयंसेवकमा नियुक्ति ।**

महाशय,

संवत् २०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगबाट स्वीकृत मतदाता शिक्षाका लागि स्वयंसेवक परिचालन कार्यक्रम बमोजिम तपाईंलाई ............................. गाउँपालिका/नगरपालिकाको ... नं. वडाको लागि मतदाता शिक्षा स्वयंसेवकमा नियुक्त गरिएको छ ।

आफूलाई तोकिएको क्षेत्रभित्र स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचनको मान्यता अनुसार अन्तरक्रियात्मक मतदाता शिक्षा कार्यक्रम संचालन गर्नुहुनेछ ।

आफ्नो कार्य सम्पादनको सम्बन्धमा तपाईंको जवाफदेहिता निर्वाचन आयोगप्रति हुनेछ ।

श्री .....................................

.......................................

**बोधार्थ :**

श्री.................................... गाउँपालिका/नगरपालिका

श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं ।

..............................

प्रदेश/जिल्ला निर्वाचन अधिकारी

नोट : *मतदाता शिक्षा स्वयंसेवकले गर्नुपर्ने कार्यहरुको विवरण संलग्न छ।*

निर्वाचन आयोग, नेपाल

अनुसूची-२

**निर्वाचन आयोग, नेपाल**

# प्रदेश/जिल्ला निर्वाचन कार्यालय,

**................ जिल्ला**

पत्रसंख्या :

मिति :

मिति ..................

**विषय : मतदाता शिक्षा अनुगमनकर्ता तोकिएको सम्वन्धमा ।**

महाशय,

संवत् २०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगबाट स्वीकृत मतदाता शिक्षाका लागि स्वयंसेवक परिचालन कार्यक्रम बमोजिम तपाईंलाई मतदाता शिक्षा अनुगमनकर्ता तोकिएको छ ।

आफ्नो जिम्मेवारी पालनाका सिलसिलामा कुनै जानकारी आवश्यक भएमा समन्वयकर्ता वा निर्वाचन अधिकारीसँग सम्पर्क राखी निर्देशन भए बमोजिम गर्नुहुन अनुरोध छ ।

श्री ....................................

श्री.................................... गाउँपालिका/नगरपालिका, ...........................

श्री प्रदेश/जिल्ला निर्वाचन कार्यालय, .............जिल्ला ।

**बोधार्थ :**

श्री....................................... गाउँपालिका/नगरपालिका ।

श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं ।

..............................

प्रदेश/जिल्ला निर्वाचन अधिकारी

नोट : *मतदाता शिक्षा अनुगमनकर्ताले गर्नुपर्ने कार्यहरुको विवरण संलग्न छ।*



निर्वाचन आयोग, नेपाल

**अनुसूची-३**

**निर्वाचन आयोग, नेपाल**

# प्रदेश/जिल्ला निर्वाचन कार्यालय,

**................ जिल्ला**

पत्रसंख्या :

मिति :

मिति .................

**विषय : समन्वयकर्ता तोकिएको ।**

महाशय,

संवत् २०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगबाट स्वीकृत मतदाता शिक्षाका लागि स्वयंसेवक परिचालन कार्यक्रम बमोजिम तपाईंलाई मतदाता शिक्षा समन्वयकर्ता तोकिएको छ ।

मतदाता शिक्षासम्बन्धी कार्यक्रमको समन्वय गर्न र आफ्नो जिम्मेवारी पालनाका सिलसिलामा कुनै जानकारी आवश्यक भएमा निर्वाचन अधिकारीसँग सम्पर्क राखी निर्देशन भए बमोजिम गर्नुहुन अनुरोध छ ।

श्री ....................................

श्री प्रदेश/जिल्ला निर्वाचन कार्यालय, ............जिल्ला ।

श्री................................. गाउँपालिका/नगरपालिका ।

**बोधार्थ :**

श्री................................. गाउँपालिका/नगरपालिका ।

श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं ।

.............................

प्रदेश/जिल्ला निर्वाचन अधिकारी

निर्वाचन आयोग, नेपाल

मिति : .................

**श्री प्रदेश/जिल्ला निर्वाचन कार्यालय,**
**...................... जिल्ला ।**
**मार्फत**
**श्री .....................**
**अनुगमनकर्ता,** श्री....................................... गाउँपालिका/नगरपालिका ।

**विषय : स्वयंसेवकले पेश गरेको प्रतिवेदन ।**

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ का लागि मलाईं त्यस कार्यालयबाट मतदाता शिक्षा स्वयंसेवक नियुक्त गरिएको र सो बमोजिम सम्पादन भएका कार्यहरुको विवरण सहित यो प्रतिवेदन पेश गरेको छु ।

**मतदाता शिक्षा कार्यक्रम संचालन सम्बन्धी विवरण**

| भ्रमण गरेको घरमूली/टोलको नाम | भेला भएका मतदाताको संख्या | प्रशिक्षण गरिएका मतदाता | | | कैफियत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | अन्य | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

...............................
**मतदाता शिक्षा स्वयंसेवकको**
**नाम :**

अनुसूची - ५

मिति : ..................

**श्री प्रदेश/जिल्ला निर्वाचन कार्यालय,**
**...................... जिल्ला ।**

**विषय : अनुगमनकर्ताले पेश गरेको प्रतिवेदन ।**

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ का लागि मलाईं त्यस कार्यालयबाट मतदाता शिक्षा अनुगमनकर्ता तोकिएकोमा सो बमोजिम सम्पन्न कार्यहरुको विवरण देहाय बमोजिम पेश गरेको छु ।

**मतदाता शिक्षा कार्यक्रम संचालन सम्बन्धी विवरण**

| संचालन गरेका अन्तरक्रिया कार्यक्रम र स्वयंसेवकको अनुगमनको विवरण | कार्यक्रमको संख्या | प्रशिक्षण गरिएका मतदाता | | | कैफियत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | अन्य | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

................................
**मतदाता शिक्षा अनुगमनकर्ता**
**नाम :**

निर्वाचन आयोग, नेपाल

अनुसूची - ६

**निर्वाचन आयोग, नेपाल**

# प्रदेश/जिल्ला निर्वाचन कार्यालय,

**................ जिल्ला**

पत्रसंख्या :

मिति :

मिति .................

**श्री निर्वाचन आयोग,**
**कान्तिपथ, काठमाडौं ।**

**विषय : प्रतिवेदन गरिएको ।**

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ का लागि आयोगको निर्णय बमोजिम संचालन गरिएको मतदाता शिक्षा कार्यक्रम अन्तर्गत संचालन भएका कार्यहरुको विवरण देहाय बमोजिम प्रतिवेदन गरिएको व्यहोरा अनुरोध छ ।

**मतदाता शिक्षा कार्यक्रम संचालन सम्बन्धी विवरण**

| सि.नं. | सम्पन्न भएका कार्यक्रमहरु | कार्यक्रमको संख्या | सहभागि भएको मतदाताको संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | अन्य | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

................................
**प्रदेश/जिल्ला निर्वाचन अधिकारी**



निर्वाचन आयोग नेपाल